स्थानीय सरकार

# हेलम्बु गाउँपालिका

गाउँ कार्यपालिकाको कार्यालय

हेलम्बु, सिन्धुपाल्चोक

बागमती प्रदेश, नेपाल

प.सं: ०८१।८२
च.नं.:

## साना व्यावसायिक कृषि उत्पादन केन्द्र (कफी पकेट) विकास कार्यक्रम सञ्चालनका लागि प्रस्ताव आह्वान सम्बन्धी सूचना।

(प्रथम पटक सूचना प्रकाशित मितिः २०८१/०५/१४ गते)

हेलम्बु गाउँपालिकाको आ.व.२०८१/८२ मा स्वीकृत तथा प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना (PMAMP) को वार्षिक स्वीकृत कार्यक्रम अन्तर्गत यस गाउँपालिकाको लागि प्राप्त नयाँ कफी पकेट क्षेत्र निर्धारण गर्नुपर्ने भएकाले उक्त कार्यक्रममा सहभागी हुन ईच्छुक व्यवसायिक कृषि फर्म, उद्यमी, कृषक समूह, कृषि सहकारीले देहाय बमोजिमका आवश्यक कागजातहरु सहित सूचना प्रकाशित भएको मितिले २१ दिन भित्र (२०८१/०६/०३ भित्र) यस हेलम्बु गाउँपालिकाको कृषि बिकास शाखामा आवेदन पेश गर्नुहुन सम्बन्धित सबैमा जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ। साथै रित नपुगेका वा म्याद नाघी प्राप्त हुन आएका प्रस्तावहरु छनौटका लागि समावेश हुन नसक्ने व्यहोरा समेत जानकारी गराईन्छ।

| क्र.सं. | कार्यक्रम | न्यूनतम क्षेत्रफल | संख्या | कैफियत |
|---|---|---|---|---|
| १ | कफी पकेट | ७ हेक्टर (१४० रोपनी) | १ | कार्यक्रम प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना कार्यान्वयन म्यानुअल बमोजिम लागत साझेदारीमा सञ्चालन हुनेछ। |

**आवश्यक कागजातहरु:**

१. तोकिएको ढाँचामा निवेदन (अनुसूची ६ र ७),
२. संस्था दर्ता प्रमाणपत्र, प्यान नं. र करचुक्ताको प्रतिलिपि र कार्यसमितिको निर्णयको प्रतिलिपि,
३. कार्यक्रम सञ्चालन हुने स्थान (जग्गा जमिन) स्वामित्व खुल्ने कागजात (चालू आ.व. को साउन महिना पछि भूमि तथा सम्पत्ति कर तिरेको रसिदको प्रतिलिपि),
४. नेपाली नागरिकताको प्रतिलिपि,
५. सम्बन्धित वडा कार्यालयको सिफारिस।

राजुभाइ श्रेष्ठ
प्रमुख प्रशासकिय अधिकृत

*(थप जानकारीको लागिः कृषि शाखामा ९८६०१६८१२०, ९८६२२०७८७३ सम्पर्क गर्नुहुनेछ।।)*